संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पर्यटन विभाग

भृकुटीमण्डप, काठमाण्डौं

## बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७३/८/१०

सूचना नं. : DOT/ ०४-०७३।७४

यस विभागको आ.व.०७३/७४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यहरु गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली फर्म वा कम्पनीहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको बोलपत्र आव्हान गरिएको छ।

१. बोलपत्र फाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आ.ब. २०७२/०७३ सम्मको आयकर चुक्ता प्रमाणपत्र, मू.अ.कर दर्ता सहितको स्थायी लेखा नंबर प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र नोटरी पब्लिकबाट अनिवार्य प्रमाणित सहित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र सम्बन्धि कागजात यस विभागबाट खरिद गर्न सकिनेछ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन मिति २०७३।९।११ गते, दिनको १२:०० बजे भित्र दाखिला गर्ने बोलपत्रको प्रत्येक पानामा सही छाप गरी खाम बन्दी गरी खामको बाहिरी भागमा यस विभागलाई सम्बोधन गरी ठेक्का नं., कामको विवरण, बोलपत्रदाताको नाम, पत्राचार गर्ने आधिकारिक ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई खाममा सिलबन्दी छाप गरी यस विभागको खरिद इकाइमा मात्र दर्ता गराउनु पर्नेछ। यसरी दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे विभाग तथा कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ।

४. बोलपत्र साथ जमानत वापतको रकम निम्न विवरणमा उल्लेखित नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय, थापाथली, स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, (समन्वय कार्यालय) काठमाण्डौको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस विभागको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ साथै स्वीकृत हुने बोलपत्रदाताले संझौतापूर्व नै खरिद ऐन २०६३ बमोजिम कबोल अंक मा नपुग जमानत रकम नगदै भए सोही खातामा दाखिला गरेको सक्कलै बैंक भौचर वा बैंक जमानी भए थप रकमको समेत सक्कलै बैंक जमानत पत्र पेशगर्नु पर्नेछ।

५. बोलपत्रमा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्ने छ। बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। म्याद नाघि आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन।

६. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

७. बोलपत्रदताहरुले बढिमा तिनवटा फर्महरुको एक संयुक्त उपक्रम बनाई बोलपत्र पेश गर्न सक्नेछन्। तर एक बोलपत्रदताले संयुक्तउपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटा मात्र बोलपत्र पेश गर्न सक्नेछ।

८. नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहने छ।

९. बोलपत्र सम्बन्धि थप कुरा बुझ्नु पर्ने भएमा मिति २०७३।९।१ गते दिनको १३:०० बजे प्रि विड मिटिड राखिएको छ।

१०. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ र प्रचलित कानून बमोजिम हुनेछन्।

११. ईच्छुक बोलपत्रदाताले e-procurement मार्फत www.edudbc.gov.np मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र Download गर्न र बोलपत्र दाखिला गर्न समेत सक्नेछन। सो को लागि निम्न बमोजिम राजश्व खातामा बोलपत्र खरिद दस्तुर जम्मा गरि डिपोजिट भौचरको Scanned copy (*.PDF फर्मेटमा) Electronic bid Files साथै पेश गर्नु पर्नेछ।

१२. E-bidding डकुमेन्टको लागि रकम जम्मा गर्ने बैंकको विवरण :

**क. राजश्व दाखिलाको लागी :**

रकम दाखिला हुने कार्यालयको नाम :- पर्यटन विभाग, भृकुटीमण्डप, काठमाण्डौं। बैंकको नाम :- एभरेष्ट बैंक लिमिटेड, सिंहदरवार शाखा, काठमाण्डौं।

कार्यालयको कोड नं :- २७–३२५–१९, खाता नंबर: ५२०१४०० राजश्व शिर्षक नं :- १४२२७

१३. कामको बिवरण यस प्रकार रहेकोछ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | जमानत रकम रु. | फारम खरिद वस्तुर रु. | माध्यम | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | DOT/NCB/CW-01-073-74 | दोलखा जिल्ला जगत टासिनाम डाल्डुङ वेदिङ पदयात्रा मार्ग निर्माण सुधार (चेनेज ०+००० देखि १०+००० सम्म) | ३ लाख ८८ हजार | ३ हजार | वोलपत्र | २०७३।९।१० | २०७३।९।११ गते १२ बजे सम्म |
| २ | DOT/NCB/CW-02-073-74 | संखुवासभा जिल्ला ग्रेट हिमालयन ट्रेल मकालु हिमाल ठुलो पोखरी दोबाटो खण्ड चेनेज १०+००० देखि १६+२६८ सम्म) | ३ लाख १२ हजार | ३ हजार | वोलपत्र | २०७३।९।१० | २०७३।९।११ गते १२ बजे सम्म |
| ३ | DOT/NCB/CW-03-073-74 | कास्की जिल्ला अन्नपूर्ण सर्किटको धम्पुस लालीगुराँस जगल गुरुङ गाँउ हुदै अन्नपूर्ण वेशक्याम सम्मको (चेनेज ०+००० देखि १०+००० सम्म) | ३ लाख २८ हजार | ३ हजार | वोलपत्र | २०७३।९।१० | २०७३।९।११ गते १२ बजे सम्म |

Government of Nepal, Ministry of Culture, Tourism and Civil Aviation, Department of Tourism, Kathmandu 2014

कोष नाथ अधिकारी

निर्देशक/सि.डि.ई.